annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक १०५ पृष्ठ ८ | काठमाडौं, मंगलबार २७ साउन २०८२ | भाद्र कृष्णपक्ष तृतीया नेपाल संवत् ११४५ | TUESDAY, AUGUST 12, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# स्यावास गण्डकी, जसले छाँट्यो खर्चिला कार्यालय र कर्मचारी

गण्डकी प्रदेश सरकारले प्रशासनिक खर्च कटौती गर्न ९ वटा निकाय खारेज गरेको छ। यसअन्तर्गत ७ वटा निर्देशनालय र २ वटा केन्द्र छन्। यसैगरी ३२ वटा संरचना घटाएर १७ वटा बनाउने सरकारको निर्णयले वार्षिक करिब ५० करोड रुपैयाँ बचत हुने बताइएको छ।

**कृष्णमणि बराल** | *पोखरा*

**– को रिपोर्ट**

(क) प्रदेश प्रशासनिक संरचना पुनरावलोकन अध्ययन तथा सुझाव समितिको प्रतिवेदन, २०८२ को प्रतिवेदन सार्वजनिक गर्ने।

(ख) देहायका निकायहरु खारेज गर्ने, गाभ्ने/गाभिने, कार्यक्षेत्र हेरफेर र एकिकृत गर्नेः

| क. स. | सम्बन्धित मन्त्रालय | पुर्नसंरचना गरिने निकाय र विधि | |
|---|---|---|---|
| | | निकायको नाम | पुर्नसंरचना विधि |
| १ | उद्योग तथा पर्यटन मन्त्रालय | पर्यटन, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय | खारेजी गर्ने |
| | | पर्यटन तथा उद्योग कार्यालय, म्याग्दी र पर्यटन तथा उद्योग कार्यालय, मुस्ताङ | पर्यटन तथा उद्योग कार्यालय, म्याग्दी (म्याग्दी र मुस्ताङ कार्यक्षेत्र तोक्ने) |
| | | पर्यटन तथा उद्योग कार्यालय, बागलुङ र पर्यटन तथा उद्योग कार्यालय, पर्वत | पर्यटन तथा उद्योग कार्यालय, पर्वत (बागलुङ र पर्वत कार्यक्षेत्र तोक्ने) |
| | | पर्यटन तथा उद्योग कार्यालय, स्याङ्जा र पर्यटन तथा उद्योग कार्यालय, कास्की | पर्यटन तथा उद्योग कार्यालय, कास्की (स्याङ्जा र कास्की कार्यक्षेत्र तोक्ने) |
| | | पर्यटन तथा उद्योग कार्यालय, तनहु र पर्यटन तथा उद्योग कार्यालय, गोरखा | पर्यटन तथा उद्योग कार्यालय, गोरखा (तनहु र गोरखा कार्यक्षेत्र तोक्ने) |
| | | पर्यटन तथा उद्योग कार्यालय, मनाङ र पर्यटन तथा उद्योग कार्यालय, लमजुङ | पर्यटन तथा उद्योग कार्यालय, लमजुङ(लमजुङ र मनाङ कार्यक्षेत्र तोक्ने) |
| २ | कृषि,भूमि व्यवस्था तथा सहकारी मन्त्रालय | कृषि विकास निर्देशनालय | खारेजी गर्ने |
| | | पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय | |
| | | बाली संरक्षण प्रयोगशाला | एक आपसमा गाभी एकीकृत प्रयोगशालाको रूपमा परिणत गर्ने । |
| | | माटो तथा मल परिक्षण प्रयोगशाला | |
| | | प्रदेश बीउबिजन गुणस्तर नियन्त्रण केन्द्र | |
| | | कृषि ज्ञान केन्द्र, मनाङ | एक आपसमा गाभी एकीकृत कार्यालयको रूपमा परिणत गर्ने |
| | | भेटेनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, मनाङ | |
| | | कृषि ज्ञान केन्द्र, मुस्ताङ | एक आपसमा गाभी एकीकृत कार्यालयको रूपमा परिणत गर्ने |
| | | भेटेनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, मुस्ताङ | |
| | | बागवानी विकास स्रोत केन्द्र, पोखरा | कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालीम केन्द्र, पोखरामा गाभ्ने |
| ३ | भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय | पूर्वाधार विकास निर्देशनालय | खारेजी गर्ने |
| ४ | वन तथा वातावरण मन्त्रालय | वन निर्देशनालय | खारेजी गर्ने |
| ५ | सामजिक विकास, युवा तथा खेलकुद मन्त्रालय | शिक्षा विकास निर्देशनालय | खारेजी गर्ने |
| | | सामाजिक विकास कार्यालय, म्याग्दी र सामाजिक विकास कार्यालय, मुस्ताङ | सामाजिक विकास कार्यालय, म्याग्दी (मुस्ताङ र म्याग्दी कार्यक्षेत्र तोक्ने) |
| | | सामाजिक विकास कार्यालय, बाग्लुङ र सामाजिक विकास कार्यालय, पर्वत | सामाजिक विकास कार्यालय, बाग्लुङ (बाग्लुङ र पर्वत कार्यक्षेत्र तोक्ने) |
| | | सामाजिक विकास कार्यालय, स्याङ्जा र सामाजिक विकास कार्यालय, कास्की | सामाजिक विकास कार्यालय, स्याङ्जा (स्याङ्जा र कास्की कार्यक्षेत्र तोक्ने) |
| | | सामाजिक विकास कार्यालय, तनहु र सामाजिक विकास कार्यालय, गोरखा | सामाजिक विकास कार्यालय, तनहु (तनहु र गोरखा कार्यक्षेत्र तोक्ने) |
| | | सामाजिक विकास कार्यालय, मनाङ र सामाजिक विकास कार्यालय, लमजुङ | सामाजिक विकास कार्यालय, लमजुङ ( मनाङ र लमजुङ कार्यक्षेत्र तोक्ने) |
| | | व्यावसायिक तथा सीप विकास तालिम केन्द्र, पर्वत | गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठान, पोखरामा गाभ्ने |
| | | व्यावसायिक तथा सीप विकास तालिम केन्द्र, कास्की | |
| ६ | स्वास्थ्य मन्त्रालय | प्रादेशिक स्वास्थ्य निर्देशनालय | खारेजी गर्ने |
| | | प्रादेशिक स्वास्थ्य तालिम केन्द्र | |
| | | प्रादेशिक स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र | |
| | | प्रादेशिक क्षयरोग नियन्त्रण केन्द्र, पोखरा | प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला पोखरामा गाभी प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला तथा क्षयरोग नियन्त्रण केन्द्र, पोखरामा परिणत गर्ने |
| ७ | उर्जा,जलस्रोत तथा खानेपानी मन्त्रालय | भूमिगत जलश्रोत तथा सिंचाई कार्यालय, नवलपरासी (व.सू.पू.) | जलस्रोत तथा सिंचाई विकास डि[illegible] कार्यालय, नवलपरासी (व.सु.पू) म[illegible] |

(ग) देहायका पदहरु खारेज गर्नेः

| क.सं. | पद | सेवा/समूह/ उपसमूह | तह | खारेज हुने | कैफियत |
|---|---|---|---|---|---|
| (क) | **गण्डकी प्रदेश सभा सचिवालय** | | | | |
| १. | कम्प्यूटर अधिकृत/ इन्जिनियर | विविध | सातौं/आठौं | १ | |
| | **जम्मा** | | | **१** | |
| (ख) | **गण्डकी प्रदेश नीति तथा योजना आयोग** | | | | |
| २. | अर्थशास्त्री | विविध | सातौं/आठौं | १ | |
| ३. | समाजशास्त्री | विविध | सातौं/आठौं | १ | |
| ४. | प्रशासन सहायक | प्रशासन/प्रशासन | चौथो/पाँचौं | १ | |
| | **जम्मा** | | | **३** | |
| (ग) | **उद्योग तथा पर्यटन मन्त्रालय** | | | | |
| १. | अधिकृत | प्रशासन/सा.प्र. | सातौं/आठौं | १ | |
| २. | सहायक/अधिकृत | प्रशासन/प्रशासन | पाँचौं/छैटौं | ४ | |
| ३. | सहायक/अधिकृत | तथ्याङ्क | पाँचौं/छैटौं | १ | |
| ४. | ह.स.चा. | इन्जि/ज.मे. | श्रेणीविहिन | १ | |
| ५. | का.स. | प्रशासन/प्रशासन | श्रेणीविहिन | २ | |
| | **जम्मा** | | | **९** | |
| (घ) | **ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय** | | | | |
| १. | अधिकृत | प्रशासन/सा.प्र. | सातौं/आठौं | १ | |
| २. | कानून अधिकृत | न्याय/कानून | सातौं/आठौं | १ | |
| ३. | इन्जिनियर | इन्जि/सिभिल/इरिगेशन | सातौं/आठौं | १ | |
| ४. | इन्जिनियर | इन्जि/सिभिल/स्यानिटरी | सातौं/आठौं | १ | |
| ५. | इन्जिनियर | इन्जि/सिभिल/ इलेक्ट्रिकल | सातौं/आठौं | १ | |
| ६. | सहायक/अधिकृत | प्रशासन/लेखा | पाँचौं/छैटौं | १ | |
| ७. | सहायक/अधिकृत | प्रशासन/प्रशासन | पाँचौं/छैटौं | १ | |
| ८. | सब-इन्जिनियर | इन्जि/सिभिल/इरिगेशन | पाँचौं/छैटौं | २ | |
| ९. | सब-इन्जिनियर | इन्जि/सिभिल/स्यानिटरी | पाँचौं/छैटौं | २ | |
| १०. | असिस्टेन्ट ग्राउण्ड वाटर हाइड्रोजियोलोजिष्ट | इन्जि/जियोलोजी/ हाइड्रोजियोलोजिष्ट | पाँचौं/छैटौं | १ | |
| ११. | सब-इन्जिनियर | इन्जि/सिभिल/ इलेक्ट्रिकल | पाँचौं/छैटौं | १ | |
| १२. | अमिन | इन्जि/सर्भे | चौथो/पाँचौं | १ | |
| १३. | लेखा सहायक | प्रशासन/लेखा | चौथो/पाँचौं | ४ | |
| १४. | का.स. | प्रशासन/प्रशासन | श्रेणीविहिन | ११ | |
| | **जम्मा** | | | **५७** | |
| (झ) | **कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय** | | | | |
| | कम्प्युटर इन्जिनियर | विविध | सातौं/आठौं | १ | |
| | प्रशासकीय अधिकृत | प्रशासन/प्रशासन | सातौं/आठौं | २ | |
| | सब-इन्जिनियर | कृषि/इन्जिनियरिङ | पाँचौं/छैटौं | १ | |
| | सहायक/अधिकृत | प्रशासन/प्रशासन | पाँचौं/छैटौं | २ | |
| | कम्प्युटर सहायक/अधिकृत | विविध | पाँचौं/छैटौं | २ | |
| | सहायक | प्रशासन/प्रशासन | चौथो/पाँचौं | ६ | |
| | लेखा सहायक | प्रशासन/लेखा | चौथो/पाँचौं | ९ | |
| | ह.स.चा. | इन्जि/मेका/ज.मे. | चौथो/पाँचौं | २ | |
| | **जम्मा** | | | **२५** | |
| | **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय** | | | | |
| | सचिव | प्रशासन | राप.प्रथम | १ | |
| | उपसचिव | प्रदेश प्रशासन/प्रशासन | नवौं/दशौं | १ | |
| | प्रशासकीय अधिकृत | प्रदेश प्रशासन/प्रशासन | सातौं/आठौं | २ | |
| | सहायक/अधिकृत | प्रदेश प्रशासन/प्रशासन | पाँचौं/छैटौं | ३ | |
| | ह.स.चा | इन्जि/मेका | श्रेणीविहिन | ३ | |
| | कार्यालय सहयोगी | प्रशासन/प्रशासन | श्रेणीविहिन | ३ | |
| | जम्मा | | | **१३** | |
| | कुल जम्मा | | | **१८५** | |

समाचार पृष्ठ २

# अवकाशको उमेरहदमा चलखेल



## उमेर ५८ लाई ५९ बनाउँदा कसलाई फाइदा कसलाई बेफाइदा

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

प्रतिनिधिसभाबाट पारित भएर राष्ट्रियसभामा छलफल भइरहेको संघीय निजामती सेवा विधेयकमा निजामती कर्मचारीको अवकाशको उमेरहद ६० वर्ष हुने व्यवस्था गरिएको छ। यसअघि निजामती कर्मचारीको उमेरहद ५८ वर्ष थियो। यो चरणबद्ध रूपले लागू हुने भएको छ। विधेयक पारित भएको आर्थिक वर्षमा ५८ वर्षमा नै अवकाश हुने, दोस्रो वर्ष ५९ वर्षमा र तेस्रो वर्षदेखि ६० वर्षमा अवकाश हुने गरी नयाँ व्यवस्था गरिएको छ।

यो व्यवस्था लोक सेवा आयोगले दिएको सुझावभन्दा फरक छ। लोक सेवाले ६० वर्ष पुर्‍याउँदा त्यसको मोडालिटीका सम्बन्धमा कार्ययोजनासहित सुझाव दिएको थियो। आयोगले पहिलो ६ महिना, त्यसपछि १ वर्ष र अन्तिममा ६ महिना गरी २ वर्ष थप गर्न सुझाव दिएको छ। यो विधेयकमाथि राष्ट्रियसभामा छलफल भइरहेको छ। प्रतिनिधिसभाबाट पारित भएको भन्दा भिन्न रूपमा कानुन लागू भएलगत्तै ५९ वर्ष कायम गर्न चलखेल भइरहेको छ।

एकैपटक ५८ वर्षबाट ५९ वर्ष बनाउने प्रावधान बनाउनुमा चलखेलको गन्ध देखिएको छ। एकैपटक ५८ वर्षलाई 'बोनस' मा ५९ वर्ष बनाउन नहुने तर्क धेरैको छ। किस्ताबन्दीमा उमेरहद बढाउने विषय जायज नहुने पनि धारणा छ।

यसअघि निजामती सेवा ऐन-२०१३ र निजामती सेवा ऐन-२०२१ मा पनि निजामती कर्मचारीको उमेरहदबन्दी ६० वर्ष नै राखिएको थियो तर २०४९ सालमा बनेको निजामती सेवा ऐनले ६० वर्षबाट ५८ वर्ष झार्‍यो। अघिल्लो ऐनले कानुन बनेको १ वर्ष पनि उमेरहद लागू हुने व्यवस्था गरेको छ। प्रतिनिधिसभाबाट पारित विधेयकमा निजामती कर्मचारीले ६० वर्ष उमेर पूरा भएपछि अनिवार्य अवकाश पाउनेछ भनिएको छ।

तर, ऐन प्रारम्भ भएका आर्थिक वर्षभरि निजामती कर्मचारीको अनिवार्य अवकाश हुने उमेरको अधिकतम हद ५८ वर्ष कायम रहनेछ भनिएको छ। तर, ऐन प्रारम्भ भएका आर्थिक वर्षमा ५८ वर्ष उमेर पूरा हुने निजामती कर्मचारीले ५८ वर्ष उमेर पूरा भएपछि अनिवार्य अवकाश पाउने छन्।

» बाँकी पृष्ठ ३

# लामिछानेलाई थुनामै राख्न आदेश




**सलमान खान** | *भैरहवा*

राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने मुद्दाको पुर्पक्षका लागि थुनामै रहने भएका छन्। जिल्ला अदालत रुपन्देहीका न्यायाधीश नारायण सापकोटाको इजलासले लामिछानेलाई धरौटीमा छाड्न अस्वीकार गरेको हो। रुपन्देही जिल्ला अदालतका स्रेस्तेदार विकास बस्नेतले लामिछानेको माग अस्वीकार गरिएको बताए। 'निवेदकको माग अस्वीकार भएको छ', उनले भने।

बुटवलको सुप्रिम सहकारी ठगी प्रकरणमा गत चैत २२ मा उच्च अदालत तुलसीपुरको बुटवल इजलासले लामिछानेलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश दिएको थियो।

लामिछानेले उच्चको आदेशविरुद्ध मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ बमोजिम बैंक जमानत लिई ऐनको दफा ७१ बमोजिम आदेशको माग गर्दै साउन १९ मा अदालतमा निवेदन दिएका थिए। उनले बिगोबराबरको रकम बैंक ग्यारेन्टी लिएर रिहाइ माग गर्दै अदालतमा निवेदन दिएका थिए।

» बाँकी पृष्ठ ६

# बाबुको काजकिरियामा काभ्रेका ३ छोरी

**बाबुको किरिया गर्नु सन्तानको कर्तव्य हो। नयाँ मान्यता स्थापित गर्दा बहस हुन्छ।**

**रोजन तामाङ** | *काभ्रे*

काभ्रेको रयालेका ३ छोरी बाबुको काजकिरियामा बसेका छन्। स्थानीय हरिप्रसाद सापकोटाको हृदयघातका कारण ९१ वर्षको उमेरमा आइतबार निधन भएपछि उनका छोरीहरू किरिया बसेका हुन्। स्वर्गीय सापकोटाका ५ बहिनी छोरीहरू छन्। तीमध्ये ३ दिदीबहिनी काजकिरिया बसेका हुन्। सापकोटालाई आइतबार उनका तीन छोरीले दागबत्ती दिएका थिए। किरियामा बसेका ३ छोरीमध्ये विमला बनेपा नगरपालिकाकी उपप्रमुख हुन्। निर्मला शिक्षक र राधिका एमाले धादिङ जिल्ला कमिटीकी सचिव हुन्।

नेकपा एमाले काभ्रे जिल्ला सचिव राजकुमार सापकोटाका अनुसार छोरा नभए पनि आफूहरूलाई कर्म दिने बाबुको निधनपछि दागबत्ती दिने र काजकिरिया गर्ने तीनै छोरीले प्रण गरेका थिए।

सापकोटाले फेसबुकमा स्टाटस लेखेका छन्, 'यो सामाजिक मान्यताप्रतिको विद्रोह हो। विद्रोहको कुनै वैधानिक नियम हुँदैन। विद्रोह विद्रोह नै हो र बहस स्वागतयोग्य छ। बाबुको किरिया गर्नु सन्तानको कर्तव्य हो। नयाँ मान्यता स्थापित गर्दा बहस हुन्छ। बहस स्वच्छ, कानुनी प्रबन्ध र व्यक्तिको स्वतन्त्रतालाई सम्मान गर्दै आजको भन्दा प्रगतिशील सामाजिक मान्यता स्थापित गर्नका लागि हुनुपर्छ।

मेरो चेतना, मैले बुझेको दर्शन, राजनीति, समाज, सामाजिक मान्यताको विकास क्रमको बुझाइले तपाईंहरूको यो कदमको स्वागत गर्छ। गर्नुपर्छ। अगाडि बढ्नुहोस् कदममा साथ दिने हात कमी छैनन्। सुकरात, बुद्ध, राम, कृष्ण पनि सर्वस्वीकार्य थिएनन्। कालखण्डले उनीहरूलाई महान् साबित गर्‍यो।'



गाउँमा नजिकका दाजुभाइहरू हिन्दु संस्कारअनुसार ढिकुरो बनाउन नआएपछि छोरीहरू किरियामा बसेका हुन्।

यसअघि विभिन्न कार्य गर्ने ब्राह्मणले पनि छोरीहरूबाट काजकिरिया गर्न अस्वीकार गरेपछि पनौती मल्पीबाट ब्राह्मण दीपक सुवेदीलाई ल्याएर उनीहरूले काजकिरिया गराएका हुन्। आइतबार दाहसंस्कारमा उपस्थिति भएका ब्राह्मण सोमबार सापकोटाको घरमा उपस्थित भएनन्।

किरियामा बसेकी बनेपा नगरपालिकाकी उपमेयर सापकोटाले समाजले बाबुको काजकिरियामा अवरोध गरेपछि आफूहरूले उठाएको कदमले हजारौं छोरीहरूमाथि न्याय हुने बताएकी छन्।

उनले फेसबुकमार्फत आफूहरू बुवाको किरिया बसेपछि छिमेकी तथा दाजुभाइले बहिष्कार गरेको गुनासोसमेत पोखेकी छन्। फेसबुकमार्फत उपप्रमुख सापकोटाले सानैदेखि सहँदै आएको विभेद र तिरस्कारविरुद्ध अडान कायमै राख्ने बताएकी छन्।